# सामुदायिक वन समूहहरूमा विपन्नमुखी जीविकोपार्जन सुधार कार्यक्रमको प्रभावः *ओखलढुङ्गा जिल्लामा सञ्चालित बहुसरोकारवाला वन कार्यक्रमको एक विश्लेषण*

मनमाया मोक्तान[1], अनिता श्रेष्ठ[2]

## १. पृष्ठभूमि

विपन्नमुखी जीविकोपार्जन कार्यक्रमलाई वन क्षेत्रको एक सफल कार्यक्रमको रूपमा लिन सकिन्छ। यस कार्यक्रमले वनमा अति विपन्न घर परिवारहरूको जीविकोपार्जनको अवस्थामा सुधार गर्ने काममा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। विपन्नमुखी जीविकोपार्जन कार्यक्रमको मुख्य उद्देश्य भनेको स्थानीय वन स्रोतमा आधारित व्यवसाय सञ्चालन गर्ने अवसरहरूको खोजी गर्ने, समूहमा रहेका विपन्न घरधुरीहरूलाई व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने पुँजीको व्यवस्था गर्ने, तथा विपन्नहरूको जीविकोपार्जन कार्ययोजनाको कार्यान्वयनमा सघाउ पुऱ्याउनु रहेको छ (नेस्विसावप, २०६३)।

सन् २०१३ देखि ओखलढुङ्गा जिल्लामा बहुसरोकारवाला वन कार्यक्रम (Multi Stakeholder Forestry Programme-MSFP) लट दुईको क्रियाकलापहरू सञ्चालन हुँदै आएको छ। यो कार्यक्रम इकार्डस-नेपाल र जिल्ला स्तरीय सामुदायिक वन उपभोक्ता महासङ्घको साझेदारीमा सञ्चालन भई रहेको छ। यो कार्यक्रम ओखलढुङ्गा लगायत रामेछाप र खोटाङ जिल्लाहरूमा पनि सञ्चालन भइरहेको छ। यस कार्यक्रम अन्तर्गत सञ्चालन भइरहेका क्रियालापहरूमध्ये विपन्न घरधुरीहरूको आय आर्जनको वृद्धि गर्ने काम पनि एक प्रमुख क्रियाकलाप हो। विपन्न घरधुरी सदस्यहरूको जीविकोपार्जनमा सुधार ल्याउनका लागि यस कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार योजना बनाउने तथा उक्त योजना कार्यन्वयन गर्नका लागि सहयोग गर्दै आएको छ। विपन्न भन्नाले सम्बन्धित सामुदायिक वन समूहहरूले उनीहरूको विधान कार्ययोजनामा स्तरीकरण गरेका तहहरू हुन्। सामुदायिक वन उपभोक्ता समूह (सावउस) हरूले सामान्यतयाः क, ख, ग, र घ जस्ता तहहरूमा उपभोक्ता घरधुरीहरूको स्तरीकरण गरेका हुन्छन्। यस कार्यक्रम अन्तर्गत प्रदान गरिएको सहयोग रकम वन समूहहरूको घुम्तीकोषको रूपमा जाने कुरालाई मध्यनजर गरी सहयोग प्रदान गरिदै आएको छ। विपन्न घरधुरीको आयआर्जनमा वृद्धि भई सहज जीवनयापनमा सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ। यस कार्यक्रमका लागि ओखलढुङ्गा जिल्लामा कूल २० गाविस र एक नगरपालिकाका जम्मा १२७ वन समुहहरूलाई सघन वन समूहका रूपमा छनौट गरिएको छ।

यस लेख तयार गर्नको लागि जम्मा छ वटा सावउसहरूलाई छनौट गरिएको छ। त्यसमध्ये तीनवटा वन समूहहरू बहुसरोकारवाला वन कार्यक्रम कार्यान्वयन गरिएको र तीनवटा वन समूहहरू यस कार्यक्रम कार्यान्वयन नगरिएका वन समुहहरू रहेका छन्। ती छ वटा वन समूहहरु छनौट गर्दा विभिन्न सम्बन्धित सरोकारवाला व्यक्तिहरूसँग छलफल गरी चिट्ठा प्रणालीका आधारमा छनौट गरिएको छ र जीविकोपार्जनको प्रमुख आधारभूत सूचकाङ्कहरूका आधारमा बहुसरोकारवाला वन कार्यक्रम कार्यान्वयन भएको र नभएको वन समूहहरूका बीच तुलना गरिएको छ। यसको लागि छनौट गरिएका वन समूहका कार्यसमितिका सदस्यहरू तथा विपन्न घरधुरीहरू, इकार्डस नेपाल र सामुदायिक

---

१ लेखक इकार्डसको बहुसारकोरवाला वन कार्यक्रममा जेण्डर तथा जीविकोपार्जन विशेषज्ञका रुपमा कार्यरत छन्।

२ लेखक त्रिभुवन विश्वविद्यालय अन्तर्गतको समाजशास्त्र विषयमा विद्यावारिधीका शोधार्थी हुन्।

वन उपभोक्ता महासङ्घका कर्मचारीहरूसँग पनि छलफल गरिएको थियो । साथै सामुदायिक वनको विधान, कार्ययोजना, माइन्युट लगायत विपन्नमुखी जीविकोपार्जन योजना र सम्झौता पत्रको पनि अध्ययन गरिएको थियो ।

## २. जीविकोपार्जन सुधारमा बहुसरोकारवाला वन कार्यक्रमको प्रभाव

ओखलढुङ्गा जिल्ला पूर्वाञ्चल विकास क्षेत्रको सगरमाथा अञ्चलमा पर्ने एक पहाडी जिल्ला हो । यसको क्षेत्रफल १,०७४ वर्ग किलो मिटर छ भने कूल १,४७,९८४ जनसङ्ख्या रहेको छ । यस जिल्लामा २०५५ सालदेखि नेपाल स्विस सामुदायिक वन परियोजनाले कार्यक्रम सञ्चालन गर्दै आएकोमा २०६९ देखि भने बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन हुँदै आएको छ । ओखलढुङ्गा जिल्लामा हालसम्म ३३६ वटा सावउसहरू हस्तान्तरण भइसकेका छन् । जसमध्ये १२७ वटा सावउसहरूमा मात्र बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन हुँदै आएको छ । यस अध्ययनका लागि छनौट गरिएका छ वटा सावउसहरूको संक्षिप्त परिचय तल दिइएको छ ।

### २.१ बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गग सहयोग गरिएका सावउसहरू

बहुसरोकालवाला वन कार्यक्रम अन्तर्गत सहयोग गरिएका तीनवटा वन समूहहरूको छोटो विवरण तल प्रस्तुत गरिन्छ ।

#### क) टेकनपुर सावउस

ओखलढुङ्गा जिल्लाको बरुणेश्वर गाविसको वडा नम्बर ८ स्थित टेकनपुर सावउसमा कूल ९७ उपभोक्ता घरधुरीहरू छन् । जसमध्ये दलित २४, जनजाति ५८ र बाहुन/ क्षेत्री/ ठकुरी १५ घरधुरी रहेका छन् । यस समूहको वन क्षेत्र ५२.३१ हेक्टर रहेको छ । वनको आम्दानी धेरै नभए पनि यस वन समूह सक्रिय रहेको छ ।

**तालिका १ः बहुसरोकारवाला वन कार्यक्रम सञ्चालनभन्दा अघि टेकानपुर सावउसको अवस्था**

| विषय | पहिले |
|---|---|
| समितिको संरचना | ११ जना (महिला ५ जना, कोषाध्यक्षमा महिला) |
| समितिको अवस्था | पुरुषबाट नेतृत्व भएको, महिलाहरू सहभागिता हुने, वन संरक्षणमा जोड दिँदै आएको जसमा श्रमदान गरी वनको संरक्षण गरिएको |
| जीविकोपार्जन सुधार योजना | समूहको योजनामा प्रावधान भएको तर थोरै आम्दानीको कारण सहयोग गर्न नसकिएको |
| उद्यम | सीप सिक्न चाहने उपभोक्ता भएको |
| समन्वय | सरोकारवालाहरूसँग समन्वय हुँदै आएको जस्तैः– जिल्ला वन कार्यालय, वन महासङ्घ |

स्रोतः स्थलगत अध्ययन, २०१५

#### ख) रानी सावउस

रानी सावउस ओखलढुङ्गा जिल्ला स्थित भदौरे गाविसको वडा नम्बर २ देखि ५ वडामा फैलिएर रहेको छ । यस वन समूहमा दलित २९, जनजाति १९२, र अन्य २२ गरी जम्मा २५३ उपभोक्ता घरधुरीहरू रहेका छन् । यस वनको क्षेत्रफल ४२.४६ हेक्टर रहेको छ । उक्त समूहमा पहिला कार्यसमितिका १३ जना पदधिकारीहरू मध्ये महिला ५ र पुरुष ८ रहेका थिए भने अहिले आएर ६ महिला र ७ पुरुष रहेका छन् । उक्त कार्यसमितिमा महिला सचिव हुनुका साथै ६ जना विपन्न वर्ग र १ जना दलितबाट पनि समेटिएका छन् ।

**तालिका २: बहुसरोकारवाला वन कार्यक्रम सञ्चालनभन्दा अघि रानी सावउसको अवस्था**

| विषय | पहिले |
|---|---|
| समितिको संरचना | १३ जना (५ महिला, ८ पुरुष) |
| कार्यसमितिको अवस्था | बैठक, आमभेला हुने, प्रगति प्रतिवेदनहरू नियमित नभएको |
| जीविकोपार्जन सुधार योजना | प्रावधान भएको तर यसलाई कार्यान्वयन गर्न नसकिएको |

स्रोतः स्थलगत अध्ययन, २०१५

### ग) मेहेले दुब्ले सावउस

ओखलढुङ्गा जिल्लाको पश्चिम क्षेत्रमा रहेको पोकली गाविसको वडा नम्बर ९ मा अवस्थित मेहेले दुब्ले सावउसमा दलित २, जनजाति १७०, र अन्य २८ गरी जम्मा २०० घरधुरीहरू रहेका छन् । यस वनको क्षेत्रफल १७८.५२ हेक्टर रहेको छ । यस समूहमा नियमित बैठक, आमभेला नियमित बस्नुको साथै बेला बेलामा कार्यसमिति पनि परिवर्तन भइरहेको छ । १३ जना कार्यसमिति मध्ये ६ जना महिला रहेका छन् (सचिवमा १ जना महिला) साथै १ जना सदस्य विपन्नबाट पनि समेटिएको छ ।

**तालिका ३: बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन अघि मेहेले देबले सावउसको अवस्था**

| विषय | पहिले |
|---|---|
| समितिको संरचना | १३ जना (५ महिला), वन मार्गदर्शन अनुशरणको सुरुआत |
| समूहको अवस्था | समूहमा प्रावधान भएको, लेखा परीक्षण भएको |
| जीविकोपार्जन कार्यक्रम | प्रावधान भएको, कार्यान्वयन गर्ने कामको थालनी |
| उद्यम र रोजगारी | प्रावधान भएको, उद्यमको लागि वनबाट कच्चा पर्दाथ दिएको |

स्रोतः स्थलगत अध्ययन, २०१५

## २.२ बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गग सहयोग नगरिएका तीन वटा वन समूहहरू

ओखलढुङ्गा जिल्लामा कूल २०९ वटा वन समूहहरूमा बहुसरोकारवाला वन कार्यक्रमले कुनै सहयोग गरेको छैन , तीमध्ये तीनवटा समूहहरू यस अध्ययनका लागि छनौट गरिएका छन् । ती वन समूहहरूको सामान्य परिचय तल गरिन्छ ।

### क) कडेनी सावउस

कडेनी सावउस ओखलढुङ्गा जिल्लाको ठूलाछाप गाविसको वडा नम्बर ६ देखि ८ मा फैलिएर रहेको छ । यस सावउसमा दलित ६४, जनजाति १०, र अन्य १२७ गरी जम्मा २०१ घरधुरी रहेका छन् । यस सामुदायिक वनको क्षेत्रफल ७.५ हेक्टर रहेको छ । १३ जना कार्यसमिति सदस्य रहेको उक्त समितिमा ३ जना मात्र महिला सदस्य पदमा रहेका छन् । अन्य मुख्य सबै पदहरूमा पुरुषहरू नै रहेका छन् भने दलितको तर्फबाट भने २ जना महिलाहरू कार्यसमितिमा सदस्य रहेका छन् । कार्य समितिको बैठक बसे तापनि ५ वर्षदेखि कार्यसमितिका सदस्यहरू आमभेलाबाट परिवर्तन हुन सकेका छैनन् । कार्य समितिका केही पदाधिकारीहरूलाई वन मार्गदर्शन, २०६५ को जानकारी भए पनि त्यसको कार्यान्वयन भने हुन सकेको छैन । विपन्न तथा वञ्चित वर्गको लागि कार्ययोजनामा ३५ % रकमको बारेमा सहयोग गर्ने भन्ने निर्णयहरू गरेका छन् । तर उक्त कुराको कार्यान्वयन भने भएको छैन । यस समूहले विपन्नहरूलाई वन पैदावरहरू निःशुल्क दिइराखेको छ ।

### ख) अँधेरी सावउस

अँधेरी सावउस ओखलढुङ्गा जिल्लाको सिद्धिचरण नगरपालिका (अँधेरीनारायनस्थान १) मा अवस्थित छ। यस वन समूहहरूमा दलित २७, जनजाति १६६, र अन्य ६८ गरी जम्मा २६१ घरधुरी रहेका छन्। यस वनको क्षेत्रफल जम्मा १०९.०९ हेक्टर रहेको छ। कूल ११ जनाको कार्यसमिति मध्ये ४ जना महिला सदस्यहरू छन्। त्यस्तै कोषाध्यक्षमा महिला हुनुको साथै दलित महिला पनि कार्य समितिमा समेटिएको छ। तर २०६८ साल चैत २ गतेदेखि हालसम्म कुनै पनि बैठक र आमभेला बस्न सकेको छैन। समूहमा विपन्नमुखी तथा समावेशी नियमहरूको प्रावधानहरू छ या छैन त्यो पनि कार्यसमितिका सदस्यलाई थाहा छैन। समितिको कोषको रकम कहाँ, कति, के के छन् भन्ने कुरा उपभोक्ताहरूलाई थाहा छैन। कार्यसमितिको बैठक बस्न नसक्नुमा उपभोक्ताहरूको नै कमी कमजोरी भएको त्यहाँका उपभोक्ताहरू एवम् कार्यसमितिका सदस्यहरूले बताउँछन्।

### ग) टक्सार सावउस

टक्सार सावउस ओखलढुङ्गा जिल्लाको विगुटार गाविसको वडा नम्बर एकमा रहेको छ। यस वन समूहमा दलित ९, जनजाति २०१, र अन्य ३० गरी जम्मा २४० घरधुरी रहेका छन्। सामुदायिक वनको क्षेत्रफल भने कूल २१२.८८ हेक्टर रहेको छ। कूल १३ जनाको कार्यसमिति मध्ये १ जना मात्र महिला सदस्य रहेको छ। यस वन समूहमा विधान र कार्ययोजना कार्यान्वयनको अवस्था धेरै कमजोर रहेको छ। समूहको बैठक र आमभेला नियमित रूपमा बसेको छैन।

## २.३ बहुसरोकारवाला वन कार्यक्रमको प्रभाव

वन समूहहरूमा रहेका विपन्न घरधुरीहरूको जीविकोपार्जन सुधारका लागि बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत थुपै प्रकारका क्रियाकलापहरू सञ्चालन गरिएको थियो।

**तालिका ४: बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका क्रियाकलापहरू**

| कार्यक्रमको नाम | वन समूहले पाएका कार्यक्रमहरू |
|---|---|
| सुशासन अनुशिक्षण | • वन समूहको सुशासन अनुशिक्षण तथा सबलीकरणमा सहजीकरण,<br>• महिला तथा विपन्न वर्गको प्रतिनिधित्वको लागि नेतृत्व विकास एवम् क्षमता अभिवृद्धि कार्यक्रम, |
| विपन्नमुखी जीविकोपार्जनको रकम | • गरिब तथा विपन्न घरधुरीको योजना निर्माण तथा सम्झौताको लागि सहजीकरण,<br>• तीन वटा वन समूहका ४३ घरधुरीहरूलाई रु २,५३,००० सहयोग, |
| स्थानीय अनुकूलन योजना निर्माण सहयोग (LAPA) | • अनुकूलन योजना निर्माणमा सहजीकरण र अनुकूलन योजना निर्माण र गाविसद्वारा पारित भई कार्यान्वयन हुँदै, |
| उद्योगसँग साझेदारी | • बहुसरोकारवाला वन कार्यक्रमले ११ घरधुरीहरुका लागि रू. १,५०,०००, मछिनो उद्योगमा सेयर लगानी र २ वर्षसम्म उद्योगबाट मुनाफा प्राप्त हुने र २ वर्ष पछि अर्को विपन्न सदस्यहरूलाई हस्तान्तरण गरिने, |
| कृषि वन तथा वातावरण समितिको सबलीकरण | • गाविस स्तरीय विषयगत समितिमा कृषि वन तथा वातावरण समितिलाई सबलीकरणमा सहजीकरण गरिनुका साथै समिति र बहुसरोकारवाला वन कार्यक्रमसँग सहकार्य, जस्तैः– स्थानीय अनुकूलन कार्ययोजना कार्यान्वयनमा, वन समूहहरूको कार्यक्रमको अनुगमनमा सहयोग, |

स्रोतः स्थलगत अध्ययन, २०१५

बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका क्रियाकलापहरूले स्थानीय सावउसहरूमा केही परिवर्तन गरेको छ। उदाहरणका रूपमा अध्ययन गरिएका तीन वटा सावउसहरूमा बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन भएपछि ती सावउसहरूमा केही परिवर्तनहरू भएको देखिएको छ।

**तालिका ५: बहुसरोकारवाला वन कार्यक्रम सञ्चालपछि आएका परिवर्तनहरू**

| विषय | टेकानपुर सावउस | रानी सावउस | मेहेले दुब्ले सावउस |
|---|---|---|---|
| समितिको संरचना | ११ जना (६ जना महिला, मुख्य पद अध्यक्ष, उपाध्यक्ष र सचिवमा महिला) | १३ जना (६ महिला, ७ पुरुष, सचिव पदमा महिला, १ जना दलितबाट पनि समेटिएको) | १३ जना (६ महिला र कोषाध्यक्षमा महिला) वन मार्गदर्शनका कार्यान्वयन भएको, महिलाहरू पनि सक्रिय रूपमा अगाडि आएको |
| समितिको अवस्था | नियमित बैठक, आमभेला हुने भएको, महिलाहरू पनि सक्रिय भएको, श्रमदान गरी वनको संरक्षण र विपन्न घरधुरीलाई सहुलियत दरमा वन पैदावरको उपलब्धता भएको | नियमित बैठक बस्नु, समूहको सामाजिक तथा बाह्य लेखा परीक्षण हुनु, प्रगति प्रतिवेदन वन कार्यालयमा पठाउने, वन व्यवस्थापनमा रू. १६,००० छुट्ट्याई तथा श्रमदानबाट संरक्षण तथा संवर्धन गरिएको, वन समूहको योजना गाविसको परिषदमा (कृषि वन तथा वातावरण समिति) मार्फत लैजानु | समूहको वन कार्ययोजनामा ३५% बजेट घुम्ती कोषमा छुट्टयाउने प्रावधान, बार्षिक रूपमा लेखा परीक्षण, समूहको योजना गाविसको परिषद्मा लगी पारित गर्ने कामको थालनी भएको, उक्त योजनालाई सिफारिस र मूल्याङ्कन गरिएको, नियमित वार्षिक प्रतिवेदन बुझाउने गरिएको |
| जीविकोपार्जन सुधार योजना | २७ घरधुरीले रू १,४३,००० रकम कार्यक्रमबाट सहयोग प्राप्त गरेको र सहयोग रकमबाट लाभान्वित घरधुरीहरूले आम्दानीहरू पनि लिन थालेको | वन मार्गदर्शनको अनुशरण भएको, २० घरधुरीलाई रू १,११००० बाखा पालन तथा अम्रिसो रोपणमा सहयोग प्राप्त भएको, रू ३२,८०० बजेट छुट्टयाई घुम्ती कोषको रूपमा प्रयोग भइरहेको, समूहले पनि हाल आम्दानीबाट फाइदा गरिरहेको | समूहले १५ घरधुरी विपन्न सदस्यलाई रू. १५,००० लगानी गरेको, कार्यक्रमबाट १५ धुरीलाई रू. ९०,००० रकम चिराइतो खेतीका लागि दिइएको र हाल आम्दानी समेत लिन थालेको, निःशुल्क वन पैदावरको प्रावधान र सहयोग भएको |
| उद्यम | ६ जनाले फर्निचर तालिम र सामग्रीहरू सहयोग प्राप्त गरेको र हाल आएर फर्निचर बनाई आम्दानी गर्न थालेको | | समूह र वन उद्यमका बीच साझेदारीको लागि सम्झौता भएको, ११ जना विपन्न सदस्यको लागि सेयरमा लगानी, ११ जना विपन्न सदस्यहरूको लागि रोजगारीको अवसर पाएको |
| समन्वय | सरोकारवाला सङ्घसंस्थाहरूसँगको समन्वयमा वृद्धि भएको जस्तैः– जिल्ला वन कार्यालय, वन महासङ्घ र गाविसका कृषि वन तथा वातावरण समितिसँग पनि समन्वय भएको | | |

स्रोतः स्थलगत अध्ययन, २०१५

तालिका ५ मा देखिएका परिवर्तनहरूलाई बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन नभएका सावउसहरूमा भएको अवस्थासँग तुलना गरेर हेर्दा बहुसरोकारवाला वन कार्यक्रमले स्थानीय सावउसहरूमा के प्रभाव पारेको छ भन्ने कुरा स्पष्टसँग बुझ्न सकिन्छ। यसरी तुलना गरेर हेर्दा कार्यक्रम सञ्चालन गरिएका र नगरिएका वन समूहहरूका बीचमा धेरै भिन्नताहरू देखिएका छन्। केही प्रमुख भिन्नताहरू निम्नप्रकार छन्। उक्त भिन्नता जीविकोपार्जन कार्यक्रमको सूचकाङ्कको नोटमा उल्लेख भए अनुसार तुलना गर्ने प्रयास गरिएको छ[३]।

**तालिका ६: बहुसरोकालवाला वन कार्यक्रम केन्द्रित गरिएका तथा नगरिएका वन समूहहरूका बीच भएको फरक**

| सूचकाङ्क | सहयोग गरिरएका समूह | नगरिएका समूहहरू |
|---|---|---|
| समूहको सुशासन तथा समावेशीकरणमा सहजीकरण | • कार्यसमितिमा ४९ % र मुख्य ३ पदमा ४४% महिलाको प्रतिनिधित्व भएको, जातिगत रूपमा दलित १३% समावेश भएको वन समूहमा १०% मात्र रहेको,<br>• विधान तथा कार्ययोजनालाई अनुशरण गर्न सकिएको (जस्तो नियमित बैठक र आमभेला बस्नु, बैठक तथा भेलाहरूका महिलाहरू पनि अन्तिम निर्णय सुनाउने समयसम्म बस्नु, लेखापरीक्षण गराउनु, प्रगति प्रतिवेदन वन कार्यालयमा पठाउनु, गाविससँग पनि समन्वय बढाउनु) | • कार्य समितिमा २२% र मुख्य पदमा ११% महिलाको प्रतिनिधित्व तथा जातिगत रूपमा दलित ८% मात्र रहेको छ भने समूहमा १४% दलित घरधुरीको अवस्था छ<br>• नति नियमहरू योजनामा भएको, नियमित सञ्चालन गर्ने नियम र जानकारी भएको तर त्यसलाई कायान्वयन गर्न नसकिएको (जस्तो नियमित बैठक र आमभेला नहुनु) |
| विपन्नमुखी जीविकोपार्जन कार्यक्रममा सहयोग र सहजीकरण | • जीविकोपार्जन कार्यक्रम कार्यान्वयनको लागि सहयोग (जस्तो घरधुरी स्तरको जीविकोपार्जन लागि सहयोग ६२ घरधुरीलाई रू. ३४३०००, समूहले रू. ६००० रकम सहयोग गरेको, वन पैदावरमा निःशुल्क र सहुलियत दरमा उपलब्ध गरिएको) | • समूहलाई सहयोग गर्ने योजना भएको जसमा कडेनी सामुदायिक वन समूहमा पहिला नेस्वीसावप ले सहयोग गरेको रकम सहयोग पाएको छ भने अन्य अँधेरी र टक्सार सामुदायिक वन समूहले व्यवस्था भए पनि सहयोग गराउन नसकिएको तर वन पैदावरलाई सबै समूहका सदस्य सरह उपयोग गर्ने गरिएको |

३ नोटः M FREELIFEHHO = Fund (रकम/कोष), Representation (प्रतिनिधित्व), Education (शिक्षा), Employment (रोजगारी, Land (जमीन), Inclusion (समावेशीता), Forest products (वन पैदावार), Enterprise (उद्यम), Health (स्वास्थ्य), Humanitarian support (मानवीय सहयोग) and Others (अन्य)।

| | | |
|---|---|---|
| रोजगारी, शिक्षा, स्वास्थ्य, अन्य संस्थासँग समन्वय | • ११ जना विपन्न सदस्यले मछिनो उद्यमबाट प्रत्यक्ष रोजगारीका साथै २ वर्षको लागि समूहको सेयरमा सहयोग रकम मुनाफा प्राप्त गरेको, ६ जना विपन्न सदस्यले फर्निचरको तालिम प्राप्त गरी उद्यम सञ्चालन गर्न थालनी गरेको र अन्य प्रावधानहरूको व्यवस्था भएको देखिन्छ | • समावेशीता र वन पैदावर दिने, बाहेक अन्य व्यवस्थाहरूको कार्यान्वयन गर्न नसकिएको, जस्तो समूहको रकमलाई पनि सदुपयोग गर्न नसकिएको |
| सामुदायिक विकासमा सहयोग | • काठेपुल र बाटो निमार्णको लागि रू. २८७१५ सहयोग भएको, गाविस परिषद्‌मा पनि कृषि वन तथा वातावरण समिति मार्फत विषयवस्तुको उठान गरिएको | • कुनै सहयोग नभएको, समूहको बैठक र भेला हुन नसकेको, कृषि तथा वातावरण समितिमा पनि विषयवस्तुहरू उठान हुन नसकेको |

स्रोतः स्थलगत अध्ययन, २०१५

तालिका ६ मा देखाइए अनुसार बहुसरोकारवाला वन कार्यक्रम केन्द्रित गरी लागू गरिएको वन समूहहरू र नगरिएको वन समूहहरूमा केही फरकहरू रहेको देखिन्छ। कार्यक्रम केन्द्रित नगरिएको वन समूहहरूमा कार्ययोजनामा विपन्नमुखी प्रावधान रहे तापनि ती प्रावधानहरूलाई कार्यान्वयनमा ल्याउन सकेको देखिँदैन। त्यस्तै कार्यसमितिमा महिलाको प्रतिनिधित्व कम देखिन्छ। कार्यक्रम केन्द्रित गरिएको वन समूहहरूमा कार्य समितिको परिवर्तन हुनुका साथै नियमित बैठक र बैठकहरूमा योजना निर्माण र सबै नियमहरूमा छलफल भई कार्यान्वयन भएको अवस्था देखिन्छ। जस्तो प्रगति प्रतिवेदनहरू जिल्ला वन कार्यालयमा बुझाउने, कृषि वन तथा वातावरण समितिमा वनको विषयवस्तुको उठान र गाविस परिषद्‌मा पेश गर्ने, रोजगारीको लागि सहयोग, विपन्न तथा वञ्चित भएका घरधुरीहरूको लागि बजेट छुटयाई सहयोग गर्ने, वन पैदावरहरू निःशुल्क वा सुहलियत दरमा उपलब्ध गराउने जस्ता कार्यहरू भएका छन्। त्यस्तै कार्यक्रम केन्द्रित नगरिएका वन समूहहरूमध्ये धेरैजसो समूहमा नियमित बैठकहरू बसेका छैनन्। वनमा नोक्सान गर्नु हुँदैन है भनेका छन् त्यसभन्दा अन्य भेला बस्ने, वन पैदावर निकाल्नको लागि बैठक नै बस्न नसकिएको साथै बैठक बसेकामा पनि समूहले महिलाको समावेशी, विपन्नहरूको सहयोगका लागि बजेट कम छुट्याउने, तर बाटो खन्ने कुरामा थोरै भए पनि बजेट लगानी भएको अवस्था देखिन्छ।

यसरी माथिको नतिजा हेर्दा जुन समूहहरूमा वन सहजकर्ताहरूबाट सहजीकरण गरिएको छ त्यहाँ बढी विपन्नमुखी प्रावधान लगायत समूहहरूको समग्र अवस्था सफल भएको देखिन्छ। जहाँ सामाजिक परिचालन भएको छैन ती वन समूहहरूको अवस्था कमजोर एवम् सामान्य निममित कार्यक्रमहरू पनि गर्न नसकेको अवस्था देखिन्छ। कुनै पनि वन समूहमा कार्यक्रम सफल हुनका लागि समूहको लागि बाटो देखाउन सहजीकरणको आवश्यकता भएको अनुमान गर्न सकिन्छ।

कार्यक्रम लागू भएपछि जीविकोपार्जनको अवस्थामा भएको सुधारका केही उदाहरण प्रस्तुत गर्ने प्रयास गरिएको छ।

**क) उदाहरण १ (सफलताको कथा)**

बिर्खबहादुर तामाङ, मेहेले दुब्ले सामुदायिक वन उपभोक्ता समूह पोकली ९ को एक विपन्न उपभोक्ता हुन्। उनी उक्त वन समुहमा घ वर्गमा पर्दछन्। उनले विगत केही वर्षदेखि सामुदायिक वन उपभोक्ता समूहको अध्यक्ष पदमा बसी कार्यभार पनि सम्हाल्दै आएका छन्। उनी समुदायको विपन्न समूहबाट वन

समूहको अध्यक्ष पदमा आउने एक उदाहरण पनि हुन् । वि.सं. २०७० मा बहुसरोकारवाला वन कार्यक्रमबाट प्रदान गरिएको रू. ६,००० रकम उनले आफ्नो वन समूह मार्फत लिई चिराइतो खेतीमा लगानी गरेका छन् । र केही रकम चाहिँ बाखापालनमा पनि लगाएका छन् । विगतको समयमा नेपाल स्वीस सामुदायिक वन परियोजनाबाट पनि रू. १०,००० ले बाखापालन सुरु गरेका बिर्खबहादुरले हाल आएर करिब २० वटाको हाराहारीमा बाखापालन गर्दछन् । उक्त व्यवसायबाट हुने आम्दानीले घर परिवारलाई खाना, लाउन तथा केटाकेटीलाई पढाउन पुगेको कुरा उनले सुनाउँछन् । नपुग खर्चको लागि खेतीपाती र अरूको पनि अधिया कमाइ एवम् मछिनो तेलको उद्योगमा उनको छोरालाई रोजगारी प्राप्त भएको छ । उनको प्रगति हुनुको पछाडि बहुसरोकारवाला कार्यक्रमले पनि विपन्नमुखी योजना बनाएर जीविकोपार्जन कार्यक्रममा सहयोग दिनु हो भन्ने कुरा उनी बताउँछन् ।

### ख) उदाहरण २ (सफलताको कथा)

गिरीराज थापामगर रानी सामुदायिक वन उपभोक्ता समूहका उपभोक्ता हुन् । भदौरे गाविस वडा नं. ३ मा बसोवास भएका उनी उक्त सावउसको घ वर्गका पर्दछन् । समूहबाट विपन्न सदस्यमा छानिएपछि वनबाट दाउरा, काठ निःशुल्क र सहुलियत दरमा प्राप्त गर्ने गरेका छन् । रानी सावउस पनि बहुसरोकारवाला वन कार्यक्रमको एक सघन वन समूह भएकोले समूहमा विपन्न तथा वञ्चित वर्गका जीविकोपार्जन सुधार कार्यक्रम पनि लागू भएको छ । उक्त कार्यक्रमबाट लाभ लिने १५ घरधुरी मध्ये उनी एक हुन । उनका लागि अम्रिसो खेती र बाखापालनको लागि जीविकोपार्जन सुधारको योजना बनाएका थिए । उक्त योजनाको लागि वि.सं. २०७० मा उनले रू. ६,००० र स्वयम्ले रू. १,००० थप गरी स्थानीय रूपमा तीन वटा बाखा खरिद गरी बाखापालन गरेका छन् । उक्त बाखापालनबाट उनले एक वर्षमै दुई वटा बोका रू. १५,००० मा बेची आफ्नो आम्दानी गरे । हाल पाँच वटा बाखा घरमा नै छ । उनी खुशी हुँदै भने, *"मेरो एक वर्षमा यति आम्दानी भयो भने दुई वर्ष मात्र यसरी काम गर्न सके भने मेरो लागि ऋण तिर्न सहजै सक्ने छु र यसले गर्दा अहिले मलाई केही गर्ने आँट बढेको छ । केही ऋणपान गरेर जग्गा पनि जोडेको छु र जग्गा जोडेपछि गोरुको आवश्यकता भएको कारण एक हल गोरु पनि किनेको छु । गत वर्षसम्म मैले बाखा नै पालेको थिइन । यही बाखाले मेरो लागि एक खालको आम्दानी दिने बाटो खुलेको छ । मसँग जग्गा छ । वस्तुभाउ छ अनि घर पनि छ । बल्ल अहिले मेरो साँच्चिकै घरबार भएको छ"* ।

### ग) उदाहरण ३ (असफलताको कथा)

कडेनी सामुदायिक वन समूहमा बहुसरोकारवाला वन कार्यक्रमभन्दा पहिले नेपाल स्विस सामुदायिक वन परियोजनाले पनि विपन्नमुखी जीविकोपार्जन कार्यक्रम अन्तर्गत उपभोक्ताहरूलाई सहयोग गरेको थियो । उक्त सहयोग रकम प्रयोग गर्ने घरधुरीहरूले रकम फिर्ता गरेपछि समुदायका अन्य विपन्न घरधुरीहरूमा वितरण भएको छ । जुन राम्रो पक्ष हो तर कार्यान्वयन पक्ष भने धेरै कमी कमजोरी देखिन्छ । यी विपन्न सदस्यहरूको लाभ लिने कुरामा भने विपन्न सदस्यहरूमा खासै लाभ भएको देखिँदैन । यी विपन्न घरधुरीहरूले आय आर्जनका क्रियाकलापहरू नभई कसैले ऋण तिर्न सकेका छैनन् भने कसैले मासु खाएको रकम तिरको भन्ने कुरा उपभोक्ताहरू बताउँछन् । दुई धरघुरीहरू (कुमार ठटाल र शान्तिराम परियार) ले मात्र सुँगुर पालन गरेको देखिन्छ । उनीहरूले बाध्य भएर पालेको र यसबाट आयआर्जनमा सहयोग पुग्ने कुरामा पनि स्पष्ट देखिदैनन् । समूहले पनि रकम दिनुपर्छ भनेर दिएको जस्तो र विपन्न घरधुरीलाई सहयोग दिए पनि नियमित अनुगमन भएको देखिँदैन । तर हालै बसेको बैठकले विपन्न सदस्यले राम्ररी प्रयोग नभएमा वितरण भएको रकम फिर्ता गरी अर्को विपन्न सदस्यलाई वितरण गर्नेसम्म निर्णय भएको छ ।

बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन नभएको वन समूहहरूमा विपन्न घरधुरीहरूको पहिचान सहित

कुनै पनि कार्यक्रमहरू सञ्चालन हुन सकेको छैन। कडेनी सामुदायिक वन उपभोक्ता समूहले नेपाल स्विस सामुदायिक वन परियोजनाले विगत आठ वर्षदेखि गरेको कार्यक्रमको बल्ल केही रकम उठाएर काम गर्न अर्को विपन्न उपभोक्तालाई सहयोग रकम वितरण गरेको छ। तर राम्रोसँग मूल्याङ्कन तथा अनुगमन हुन नसक्दा विपन्न घरधुरीहरूले प्रभावकारी रूपमा क्रियाकलापहरू सञ्चालन गर्न सकेका छैनन्। सामान्य नियमित बैठकहरूसम्म पनि हुन नसकेको अवस्था देखिन्छ।

## ४. निष्कर्ष

बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन गरिएका वन समूहहरूमा जीविकोपार्जन कार्यक्रमको सूचकाङ्कमा सकारात्मक परिवर्तन तथा उपलब्धिहरू भएका छन्। तर उक्त कार्यक्रम सञ्चालन नगरिएका वन समुहहरूमा भने विपन्नमुखी जीविकोपार्जन लगायत वन समूहको अन्य क्रियाकलापहरूको अवस्था कमजोर रहेको देखिन्छ। तसर्थ केन्द्रित नगरिएको कमजोर वन समूहहरूमा पनि आगामी दिनमा वन कार्यक्रमहरू सञ्चालन गर्दै सामाजिक सहजीकरणको पक्षलाई बलियो बनाउनु पर्ने आवश्यकता देखिन्छ। समूहहरूको दिगो विकासको लागि वन मार्गदर्शन, विधान तथा वन कार्ययोजनाको अक्षरश पालना गर्न समूहहरूले वर्षमा केही अवधिको लागि भए पनि वन सहजकर्ताहरूको व्यवस्था गर्नुपर्ने देखिन्छ। यद्यपि स्थानीय वन समूहहरू दाताहरूको सहयोगमा मात्रै निर्भर नभई आफ्नो वन समूहहरू आत्मनिर्भर बनाउनका लागि नेपाल सरकारले आवश्यक पद्धतिहरूको निर्माण गर्नुपर्ने आवश्यकता छ।

## स्रोत सन्दर्भ


**MSFP.** 2014. How to Note Series (May. 2014). Multi Stakeholder Forestry Programme (MSFP). Kathmandu.

**NSCFP.** 2014. NSCFP's Livelihood Improvement Program Challanging CFUGs and Disadvantaged people to Relize the rights to not be poor. (Issue Paper 8).

**कडेनी सावउस**। २०५२। कडेनी सामुदायिक वन उपभोक्ता समूह विधान तथा कार्ययोजना। कडेनी ससावउस। ठूलाछाप ६, ७ र ८, ओखलढुङ्गा।

**केयर नेपाल**। २०१०। गरिबी तथा सामाजिक अन्यायका अन्तर निहित कारणहरूको विश्लेषण म्यानुअल, काठमाडौं।

**केयर नेपाल**। २०१२। जीविकोपार्जन सुधार योजना सञ्चालन निर्देशिका। काठमाडौं।

**जिल्ला वन कार्यालय, रामेछाप**। २०६३। विपन्नमुखी जीविकोपार्जन कार्यक्रम कार्यान्वयन पुस्तिका (सामुदायिक वन उपभोक्ता समुहमा रहने र विपन्न घरधुरीमा रहने ), रामेछाप।

**टेकनपुर सावउस**। २०७५। टेकनपुर सामुदायिक वन उपभोक्ता समुह विधान तथा कार्ययोजना। टेकनपुर सामुदायिक वन उपभोक्ता समूह, बरुणेश्वर ८, ओखलढुङ्गा।

**तेम्बे, हेम**। २००६। FREELIFEHHO परिचय र कार्यान्वयन विधि। नेपाल स्विस सामुदायिक वन परियोजना। रामेछाप।

**नेपाल सरकार**। २००९। सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन। वन तथा भू-संरक्षण मन्त्रालय, काठमाडौं।

**नेपाल स्विस सामुदायिक वन परियोजना**। २०६३। विपन्नमुखी जीविकोपार्जन कार्यक्रम कार्यान्वयन पुस्तिका (सामुदायिक वन उपभोक्ता समूह र विपन्न घरधुरीमा रहने), नेपाल स्विस सामुदायिक वन परियोजना (नेस्वीसावप) रामेछाप।

**मेहेले दुब्ले सावउस**। २०५५। मेहेले दुब्ले सामुदायिक वन उपभोक्ता समुहको विधान तथा वन कार्ययोजना। मेहेले दुब्ले सामुदायिक वन उपभोक्ता समूह, पोकली ९, ओखलढुङ्गा।

**वन विभाग**। २०६५। सामुदायिक वन विकास मार्गदर्शन। दोस्रो परिमार्जन, काठमाडौं।

**राई, जैलबकुमार, झा, प्रकाश र श्रेष्ठ, अनिता**। २०७१। सामुदायिक वनमा आश्रित विपन्न घरधुरीहरूको जीविकोपार्जन सुधारका लागि सहयोगी पुस्तिका। फरेष्ट एक्सन नेपाल र आरआरएन।

**रानी सावउस** । २०५७। रानी सामुदायिक वन उपभोक्ता समूहको विधान, कार्ययोजना भदौरे २, ३,४ र ५, ओखलढुङ्गा।